# क्व्होलासोथार गाउँपालिकाको विनियोजन ऐन २०७५

**गाउँसभाबाट स्वीकृत २०७५।०३।१३**

**क्व्होलासोथार गाउँ कार्यपालिकाको कार्यालय**

**४ नं. प्रदेश, मालिङ, लमजुङ**

# <u>क्व्होलासोथार गाउँपालिकाको विनियोजन ऐन २०७५</u>

## क्व्होलासोथार गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**<u>प्रस्तावना</u>** क्व्होलासोथार गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम क्व्होलासोथार गाउँ सभाले यो ऐन पारित गरेको छ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)**यस ऐनको नाम " क्व्होलासोथार गाउँपालिकाको विनियोजन विधेयक, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**<u>आर्थिक वर्ष २०७५। ०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**ः (१) आर्थिकवर्ष २०७५।०७६ को निम्ति गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २४,५१,०५,५५४।००(अक्षेरुपी चौवीस करोड एकाउन्न लाख पाँच हजार पाँच सय चौवन्न मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निम्ति क्व्होलासोथार गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा

नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

(४) आ.व.२०७४।०७५ को खर्च नभइ वाँकी रहने मौज्दात रकम गाउँकार्यपालिकाले संघ सरकार, प्रदेश सरकार तथा विकास साझेदार संस्थासँग भौतिक पूर्वाधार तथा सामाजिक आर्थिक क्षेत्र का कार्यक्रममा साझेदारी गरी खर्च गर्न सक्ने र अत्यन्त आवश्यक क्षेत्रमा खर्च गर्न सक्ने ।

**अनुसूची-१**
**(दफा२ संग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | गाउँकार्यपालिका | ६,६१,९८,३०४।०० | १३,३९,०७,२५०।०० | | २०,०१,०५,५५४। ०० |
| 2 | | वडा समिति | | ४,५०,००,०००।०० | | ४,५०,००,०००।०० |
| 3 | | बिषयगत शाखा | | | | |
| 4 | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| 5 | | लगानी (शेयर/ऋण) | | | | |
| जम्मा | | | | | | २४,५१,०५,५५४.०० |